बन्दिपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल

## आ.व. २०७७/०७८ को आन्तरिक आयको ठेक्का सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७८/०१/१३

स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा बन्दिपुर गाउँपालिका गाउँ कार्यपालिकाको निर्णय बमोजिम बन्दिपुर गाउँपालिका, तनहुँको क्षेत्राधिकारभित्र पर्ने देहायका शिर्षकहरुमा आ.व. २०७७/०७८ का लागि डाक बढाबढ बाट बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट आफ्नो फर्मको नविकरण भएको प्रमाण-पत्र, पान दर्ता/मूल्य अभिबृद्धिकर दर्ता प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७६/०७७ को कर चुक्ताको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी उक्त कार्य गर्न योग्य भएको स्वघोषणा पेश गरी निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक निवेदनको आव्हान गरिन्छ ।

| सि.नं. | विवरण | न्यूनतम अङ्क अग्रिम आयकर र मु.अ.कर बाहेक | फारम दस्तुर (पछि फिर्ता नहुने) | धरौटी रकम | वोलपत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| १ | बन्दिपुर गाउँपालिकाको आफ्नो क्षेत्रभित्र उत्पादन हुने वस्तु वा अन्य माल सामानमा आफ्नो क्षेत्र बाहिर लैजादा शुल्क उठाउने कार्य | ३,००,०००।०० (तीन लाख मात्र) | १०००।०० (एक हजार) | कबोल अङ्कको ५% | प्रथम पटक सूचना प्रकाशन मितिको ७ औ दिन सम्म |
| २ | बन्दिपुर गाउँपालिकाको आफ्नो क्षेत्राधिकार भित्र पर्ने बसपार्कमा पार्किङ गरेवापतको शुल्क उठाउने कार्य | १,००,०००।०० (एक लाख) | १००० (एक हजार) | कबोल अङ्को ५% | प्रथम पटक सूचना प्रकाशन मितिको ७ औ दिन सम्म |

**बोलपत्र सम्बन्धी शर्तहरु:-**

- दरखास्त सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्ममा दिन सकिनेछ ।
- दरखास्त संग दस्तुर वापतको रकम रु. १,०००।- (एक हजार) यस कार्यालयको एन.आई.सी. एसिया बैंकको धरौटी खाता नं. ग३ स्थानीय तह धरौटी खाता बन्दिपुर, १४६२०५००२६९१२०१० मा जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्नेछ ।
- बोलपत्र फारामहरु भरी ८औं दिनको १२.०० बजे सम्ममा सबै कागजातहरु (नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त, व्यक्ति, फर्म वा कम्पनी नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष ०७६/०७७ को कर चूक्ताको प्रमाणित प्रतिलिपी) वोलपत्र साथ पेश गर्नू पर्नेछ ।
- दाखिला हुन आएका वोलपत्रहरु ८ औ दिनको २:०० वजे यस कार्यालयमा निवेदक वा निजको प्रतिनिधीको रोहवरमा डाक बढाबढ गरिने छ । निवेदक वा प्रतिनिधीको उपस्थिति नभएमा पनि डाक बढाबढ गर्न वाधा पर्ने छैन । दरखास्त दिने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट सोही समय र स्थानमा गरिने छ ।
- डाक बढाबढको समयमा निजको दरखास्त कार्यालयमा दर्ता भएको नदेखिएमा डाक बढाबढमा समावेश गरीने छैन साथै दरखास्तको सातौ दिन भित्र निवेदकले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्बर ( मु.अ.कर सहितको ) प्रमाण पत्र तथा आर्थिक वर्ष ०७६।०७७ को कर चुक्ताको प्रमाणित प्रतिलिपि र अन्य आवश्यक सम्पुर्ण कागजात पेश गर्नुपर्नेछ ।
- कबोल अंक स्वीकृत भएपछि सवै भन्दा बढी डाक बढाबढ गर्ने दाताले स्वीकृत अङ्कको ५% ले हुने रकम यस कार्यालयको एन.आई.सी. एसिया बैंकको धरौटी खाता नं. ग३ स्थानीय तह धरौटी खाता बन्दिपुर, १४६२०५००२६९१२०१० मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७८ श्रावण मसान्त सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ ।
- उक्त कार्यको सम्झौता गर्दा कबुल अङ्कको अग्रिम आयकर वापतको १.५% र मु.अ.कर बापतको १३% रकम बोलपत्रदाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिने छ ।
- स्वीकृत कबोल अङ्कलाई २ किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ५०% र दोश्रो किस्ता ५०% किस्तामा विभाजन गरिएको र पहिलो किस्ता न्युनतम ५०% सम्झौता अगावै अनिवार्य दाखिला गरि बाँकी ५०% को हकमा जमानत बापत नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैकबाट २०७८ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । ५०% रकमको किस्ता सम्झौताको समय भित्र भूक्तान गर्नुपर्नेछ । कबोल अंक सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन । अन्य कुराहरु सम्झौता बमोजिम हुनेछ ।
- तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फवाट निजको सम्झौता तोडी वाँकी रहेको किस्ता वैक ग्यारेण्टीवाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाईनेछ । अशुल गर्न वाँकी रकममा १०% थप क्षतीपूर्ति समेत जोडी सरकारी वाँकी सरह अशुल उपर गरिनेछ ।
- कुनै पनि शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको दरखास्त माथी कुनै कारवाही गरिने छैन ।
- कबोल अंक सम्झौता गर्दा राखेको ५% धरौटी रकम २०७७/०७८ को करचुक्ता पेश गरेपछि फिर्ता दिईने छ ।
- निवेदकले स्थानीय उत्पादन शुल्क संकलन गर्दा उक्त आ.व. को लागी गाउँ सभाले तोकेको दररेट भन्दा बढी हुने गरी निकासी कर असुल गर्न पाईने छैन । उक्त दररेट भन्दा बढी हुने गरी रकम असुल गरेको पाईएमा सम्झौता तोडिनेछ ।
- निकासी कर/पार्किङ्ग सुल्क बन्दोबस्त गर्न कर/शुल्क उठाउने दररेटको विवरण दरखास्त पेश गर्ने दिन उपलब्ध गराइनेछ ।
- पेश भएका दरखास्त स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- यस सूचनामा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।
- बिस्तृत जानकारीका लागी यस कार्यालयको सुचना पाटी हेर्न वा कार्यालय समय भित्र सर्म्पक गरी राजश्व शाखामा जानकारी लिन सकिने छ ।

➢ **सम्पर्क व्यक्ति:-** दिनेश पौडेल, राजश्व शाखा प्रमुख, मो.नं. ९८४६०४३२२१

०७८-१-१२

प्रमुख प्रशासकीय अधिकृत

महेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

## अनुसुची १५
(दफा १६ सँग सम्बन्धित)
### बिक्री शुल्क

| सि.नं. | कर लगाईने क्षेत्रहरु | इकाई | कैफियत |
|---|---|---|---|
| १ | प्राकृतिक ढुंगा (खानी) | पावरटेलर। ट्याक्टर।टिपर। ट्रकको प्रति टिप | २००। ५००।७००।१००० |
| २ | कटिङ ढुंगा (छाउने ढुंगा)गाउँपालिकाभित्र | पावरटेलर। ट्याक्टर। टिपर। ट्रकको प्रति टिप | १०००। १५००। २०००। ४००० |
| ३ | कटिङ ढुंगा (छाउने ढुंगा)गाउँपालिका बाहिर | पावरटेलर। ट्याक्टर। टिपर। ट्रकको प्रति टिप | १२००। १७००। २२००। ४३०० |
| ४ | छपनी सादा ढुंगा गाउँपालिकभित्र | पावरटेलर। ट्याक्टर। टिपर। ट्रकको प्रति टिप | ३००। ५००। ७००। १००० |
| ५ | छपनी सादा ढुंगा गाउँपालिका बाहिर | पावरटेलर। ट्याक्टर। टिपर। ट्रकको प्रति टिप | ४००। ६५०। ९००। १३०० |
| ६ | चट्टा ढुंगा ( गारो लगाउने ढुंगा ) खानीबाट निकालिएको गाउँपालिकभित्र | पावरटेलर। ट्याक्टर। टिपर। ट्रकको प्रति टिप | १००। ३००। ५००। ७०० |
| ७ | चट्टा ढुंगा ( गारो लगाउने ढुंगा ) खानीबाट निकालिएको गाउँपालिका बाहिर | पावरटेलर। ट्याक्टर। टिपर। ट्रकको प्रति टिप | ३००। ६००। ९००। १३०० |
| ८ | गारो लगाउने ढुंगा वा अन्य ढुंगागाउँपालिकभित्र | पावरटेलर। ट्याक्टर। टिपर। ट्रकको प्रति टिप | १००। ३००। ५००। ७०० |
| ९ | गारो लगाउने ढुंगा वा अन्य ढुंगागाउँपालिका बाहिर | पावरटेलर। ट्याक्टर। टिपर। ट्रकको प्रति टिप | ३००। ६००। ९००। १३०० |
| | गारो लगाउने ढुंगा वा अन्य ढुंगा गाउँपालिका बाहिर | पावरटेलर। ट्याक्टर। टिपर। ट्रकको प्रति टिप | १००। ३००। ६००। १३०० |
| | प्राकृतिक स्लेट | पावरटेलर। ट्याक्टर। टिपर। ट्रकको प्रति टिप | ३०० ।५०० ।७०० ।१००० |
| | प्राकृतिक स्लेट | पावरटेलर। ट्याक्टर। टिपर। ट्रकको प्रति टिप | ३०० ।७०० ।१००० ।१३०० |
| | चुन ढुंगा | पावरटेलर। ट्याक्टर। टिपर। ट्रकको प्रति टिप | ३०० ।५०० ।७०० ।१००० |
| | खरी | पावरटेलर। ट्याक्टर। टिपर। ट्रकको प्रति टिप | ३०० ।५०० ।७०० ।१००० |
| | नदी जन्य पदार्थ | वालुवा ।चोकर ।ढुंगा ।गिटी | ३०० ।५०० ।७०० ।१००० |
| | नीजि जग्गा धनि प्रमाण पूर्जामा भएको खानीको समेत उपरोक्तानुसर शुल्क लाग्नेछ । | | |
| १२.७ | रातो माटो सिमेन्ट उद्योग | प्रति घन मिटर | १००-/ |
| गाऊपालिका क्षेत्र बहिर उल्लेखित सामानहरू निकासी गर्दा मात्र निकासी कर समेत लाग्नेछ । गाउँपालिका क्षेत्र भित्र मात्र उपभोग हुने सामानको लागि निकासी कर लाग्ने छैन । | | | |

## अनुसूची १०
(दफा ११ सँग सम्वन्धित)
### बसपार्कमा पार्किङ शुल्क

| सि· नं· | नाम | वस पार्क शुल्क प्रति दिन | अन्य तोकिएको स्थानमा दर प्रति पटक |
|---|---|---|---|
| १ | बस, ट्रक, मिनिबस, मिनी ट्रक | १०० | ३० |
| २ | माईक्रोबस, जिप | ७५ | २० |
| ३ | टेम्पु अटो रिक्सा | ५० | १० |
| ४ | मोटसाईकल | २० | ५ |
| ५ | लोडर जेसिवि | १५० | ५० |
| ६ | ठुला साधन | २०० | ५० |
| ७ | नियमित वस पार्क प्रयोग गर्ने सवारी साधनलाई ५० प्रतिशत छुट हुनेछ । | | |

प्रशासकीय अधिकृत